कोशीका चिकित्सकले बुझाए ध्यानाकर्षण पत्र

सुनुवाइ नभए सेवा ठप्प पार्ने चेतावनी

विराटनगर *(ब्लाष्ट)* कोशी प्रदेश सरकार मातहतका अस्पतालहरूमा नेतृत्व मेडिकल सुपरिटेण्डेण्ट(मेसु) चयनलाई लिएर प्रदेशका चिकित्सकहरूले आन्दोलन गर्ने भएका छन् ।

प्रदेश आफैसँग १० औं, ९ औं र ८ औं तहका योग्य जनशक्ति हुँदाहुँदै पनि अस्पतालहरूको नेतृत्वमा सङ्घीय सरकारका चिकित्सकहरू 'हालिमुहाली' भएको भन्दै प्रादेशिक चिकित्सकहरूले सामूहिक राजीनामा र सेवा नै ठप्प पार्ने कडा चेतावनी दिएका छन् ।

कोशी प्रदेश प्रादेशिक चिकित्सक समूहले आइतबार स्वास्थ्य मन्त्रालयका सचिव डा. यदुचन्द्र घिमिरेमार्फत् प्रदेश सरकारलाई अन्तिम अल्टिमेटमसहितको ध्यानाकर्षण पत्र बुझाएका छन् । माग पूरा नभए जुनसुकै बेला सामूहिक रूपमा सेवा बहिष्कार गर्ने उनीहरूको तयारी छ । उनीहरूले प्रदेशका ज्येष्ठ र योग्य चिकित्सकलाई तत्काल अस्पतालको प्रमुखको जिम्मेवारी दिनुपर्ने, काजमा खटाइएका सङ्घीय चिकित्सकलाई तत्काल सङ्घीय अस्पताल वा निकायमै फिर्ता पठाउनुपर्ने र प्रदेश स्वास्थ्य ऐनमा अध्ययन बिदा, बढुवा र सरुवाका विषयमा सङ्घीय मूल्य र मान्यताअनुसार न्यायोचित व्यवस्था गरिनुपर्ने रहेको छ ।

कोशी प्रदेश स्वास्थ्य मन्त्रालय अन्तर्गतका एक प्रादेशिक अस्पतालसहित १४ जिल्ला अस्पतालहरूमध्ये ९ वटा अस्पतालमा सङ्घका चिकित्सकले मेसु पाएका छन् । प्रदेशका चिकित्सकले जम्मा ६ वटा अस्पतालमा मात्र नेतृत्व पाएका छन् ।

हाल प्रदेशमा १० औं तहका २ जना र ९ औं तहका १० जना विशेषज्ञ चिकित्सक कार्यरत भएको उनीहरूको दावी छ । तर, ९ औं तहका डा. अमरेश कुसुहा, डा. सुभाष अधिकारी, डा. एलिजा गौतम, डा. आस्था सुब्बा, डा. विद्या भुषाल र डा. आकाश कोइराला जस्ता अनुभवी चिकित्सकलाई नेतृत्व नदिएर सङ्घबाट काजमा आएका कनिष्ठ वा समान तहका व्यक्तिलाई मेसु बनाइएको उनीहरूको आरोप छ ।

प्रादेशिक चिकित्सक समूहका संयोजक एवम् धनकुटा अस्पतालका मेसु डा. सन्तोष राईले प्रदेशका चिकित्सकहरूको वृत्ति विकासमा जानाजानी अवरोध सिर्जना गरिएको आरोप लगाए । सङ्घीयताको मर्म विपरीत प्रदेशका जनशक्तिलाई 'दोस्रो दर्जा' को रूपमा हेरिएको उनको आक्रोश छ ।

"हामीसँग योग्यता र अनुभव दुवै छ, तर सरकारले सङ्घबाट काजमा आएकाहरूलाई मात्रै मेसुको जिम्मेवारी दिइरहेको छ" डा. राईले भने, "मुख्यमन्त्री र मन्त्रीहरूलाई पटक-पटक गुहार्दा पनि हाम्रो गुनासो सुनिएन । अब हामी आफ्नै अधिकारका लागि लड्न बाध्य भएका छौं ।" माग पूरा नभए हामी सामूहिक रूपमा सेवाबाट पछि हटछौं, त्यसपछि उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरकार आफै हुने उनको भनाइ छ ।

मन्त्रालयको तथ्याङ्कअनुसार मदन भण्डारी ट्रमा सेन्टर (उर्लाबारी), इलाम, कटारी, उदयपुर, ताप्लेजुङ, पाँचथर, तेह्रथुम, खोटाङ र ओखलढुङ्गा अस्पतालको नेतृत्व सङ्घीय चिकित्सकको हातमा छ ।

प्रादेशिक चिकित्सकहरूले सङ्खुवासभा, धनकुटा, सोलुखुम्बु, मेची प्रादेशिक, भोजपुर र सुनसरी अस्पतालमा मात्रै नेतृत्व गर्ने अवसर पाएका छन् । यो असन्तुलनले स्वास्थ्य मन्त्रालयका सचिव डा. यदुचन्द्र घिमिरेले चिकित्सकहरूको मागलाई प्रदेश सरकारसमक्ष पुऱ्याउने बताए । "उहाँहरूले ज्ञापन पत्र बुझाउनुभएको छ, हामीले विस्तारै प्रदेशकै चिकित्सकलाई जिम्मेवारी दिने नीति त लिएकै छौं, अब यो मागलाई गम्भीरतापूर्वक लिइनेछ"-उनले भने ।

'सरकारले चुनावको वातावरण बनाउनुपर्छ'

धरान *(ब्लाष्ट)* जेन जी आन्दोलनपश्चात् दर्ता भएको सम्मुनत नेपाल पार्टीका सभापति सर्वेन्द्र खनालले अहिलेको सरकारले चुनावका लागि केही समय दिनुपर्ने बताएका छन् ।

धरानमा बुधबार सञ्चारकर्मीसँगको भेटमा भने, "सबै सङ्गठनहरूलाई चुनावका लागि समय दिनुपर्‍यो । नेतृत्व बनाउने समय त चाहियो होला नि ?" उनले फागुन २१ गते तोकिएको चुनावको समयसीमाले पुरानै पार्टीलाई 'फेभर' गर्ने गरी सरकारले काम गरेको बताए । उनले भने, "यो चुनाव पुराना पार्टीलाई फेभरेभल हुने खालको छ । यसमा म सन्तुष्ट छैन ।"

सरकारले चुनावको वातावरण पनि बनाउनुपर्ने उनले बताए । उनले भने, "चुनाव गर्ने वातावरण त बनाइदिनु पर्‍यो ? सात हजार

जना अपराधीहरू बाहिर छन् । भागेका छन् । कोही पार्टी खोलेर बसेका छन् ।" दुई ठूला पार्टीहरू मिलेर बनेको सरकारले 'डेलिभरी' नगरेका कारण जेन जी आन्दोलन भएको बताए ।

आफूले पार्टी खोलेको विषयमा एजेण्डा सार्वजनिक गर्दै उनले भने, "प्रशासनिक कुरा, न्यायिक क्षेत्रका कुरा, व्यवस्थापिकाका कुराहरू अरू पार्टीभन्दा भिन्न छ । जसले नेपालीहरूको आकाङ्क्षा पूरा हुनसक्छ । हामीले कुनै वाद ल्याउने कुरा गरेका छैनौं । नेपालको वस्तुस्थितिअनुसार अगाडि बढ्ने पार्टीको मूल एजेण्डा रहेको छ ।" उनले सङ्घीयता रिफर्म गर्नुपर्ने बताए ।

उनले भने, "प्रदेशसभा खारेज गरेर जानुपर्छ भन्ने छ । प्रदेशमा धेरै जना नभई तीनजनालाई मात्रै राख्ने व्यवस्था गरिनुपर्छ । त्यहाँ तीनवटा मन्त्रालय राख्नुपर्छ । स्थानीय र केन्द्रको ब्रिजिङ गर्ने काम मात्रै गर्नुपर्छ ।"

उनले संवैधानिक आयोगहरूमा मेरिटका आधारमा, अनुभवका आधारमा, काम र मूल्याङ्कनको आधारमा र विगतमा भएको ट्र्याक रेकर्डका आधारमा नियुक्त गरिनुपर्ने बताए । पार्टीले श्रमलाई सम्मान गर्ने संस्कारको विकास गर्ने उनले बताए । राजनीतिक दलहरूलाई दोकानको रूपमा राख्नु हुँदैन भन्ने पार्टीको स्पष्ट धारणा रहेको बताए ।

डीआईजीपी फुटबलमा आयोजक विजयी

तस्बिर : उपेन्द्र चाम्लिङ/ब्लाष्ट

धरान *(ब्लाष्ट)* सातौं कोशी प्रदेश अन्तरस्कुल डीआईजीपी रनिङ फुटबल प्रतियोगितामा आयोजक नेपाल पुलिस स्कुल धरान रातोले विजयी सुरुवात गरेको छ । स्कुलको खेल मैदानमा बुधबारको उद्घाटन खेलमा पुलिस स्कुलले वराहक्षेत्रको भरौल बालमन्दिरलाई ५-० गोलले हराउँदै दोस्रो चरणमा प्रवेश गरेको हो ।

प्रतियोगिताको उद्घाटन धरान उपमहानगरपालिकाका उपप्रमुख अइन्द्रविक्रम बेघाले गरे । प्रतियोगितामा कोशी प्रदेशभरिका १६ वटा टिमहरू सहभागी छन् । आज (बिहीबार) झापाको निधि सेकेन्डरी स्कुलविरुद्ध मोरङको वाल्मीकि मेमोरियल स्कुलबीच खेल हुने प्रतियोगिता संयोजक इन्स्पेक्टर सुरेशकुमार हायूले जानकारी दिए ।

विराट ट्रेड एक्स्पो सुरु

विराटनगर *(ब्लाष्ट)* विराटनगरको आर्थिक र व्यापारिक गतिविधिमा नयाँ ऊर्जा भर्ने उद्देश्यका साथ मोरङ उद्योग व्यापार सङ्घको आयोजनामा बुधबारदेखि 'विराट ट्रेड एक्स्पो' सुरु भएको छ ।

जेन जी आन्दोलनपछि सुस्ताएको आर्थिक गतिविधिलाई पुनः चलायमान बनाउने अपेक्षासहित विराटनगर-१ शान्ति चोकमा आयोजित यस अन्तर्राष्ट्रियस्तरको व्यापार मेलाको उद्घाटन अन्तरिम सरकारका अर्थमन्त्री रामेश्वर खनालले गरे ।

मेलाको उद्घाटन गर्दै अर्थमन्त्री खनालले निजी क्षेत्रलाई शङ्काको घेरामा राखेर नभई विश्वास गरेर मात्रै मुलुकको अर्थतन्त्र बलियो हुने बताए । उनले सङ्कटका बेला निजी क्षेत्र आफै जुर्मुराएर अघि बढ्नु सकारात्मक रहेको उल्लेख गर्दै सरकारले उद्यमीहरूलाई सधैं प्रोत्साहन गर्ने प्रतिबद्धता जनाए ।

पुस १९ गतेसम्म सञ्चालन हुने यस एक्स्पोमा नेपालका घरेलु, साना, मझौला तथा ठूला उद्योगका उत्पादनहरू प्रदर्शनीमा राखिएका छन् ।

एसएसपी...

गते नेपाल प्रहरीमा प्राविधिक प्रहरी नायब निरीक्षक (सइ) पदमा नियुक्ति लिएको पाइएको अख्तियारले जनाएको छ । सोही आधारमा उनले हालको एसएसपी पदसम्म बढुवा लिई राज्यबाट विभिन्न तालिम, तलब र सुविधाहरू लिएको अख्तियारको दावी छ ।

अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीका अनुसार गिरीको यो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूर हो । आयोगले गिरीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) एवम् प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम हदैसम्मको सजाय गर्न माग गर्दै विशेष अदालतमा मुद्दा दर्ता गरेको छ । सुरक्षा निकायका उच्च पदस्थ अधिकारीहरूले नै नक्कली प्रमाण-पत्र पेस गरी ओहोदा र लाभ प्राप्त गरेको उजुरीमाथि अख्तियारले पछिल्लो समय सक्रियताका साथ छानबिन गरिरहेको छ ।

कर्मचारी...

कार्यालयका प्रवक्ता एवम् सचिव एकदेव अधिकारीले मुख्य सचिव आइसकेकाले अब फाइल अघि बढ्ने बताए । "सरुवाको सिफारिस गर्ने मुख्य सचिवले नै हो । उहाँ आउनुभएपछि हामीले सबै फाइल बुझाइसकेका छौं, अब निर्णय होला" उनले थपे । मुख्यमन्त्रीका जनसम्पर्क सल्लाहकार रवि खनालले भने कर्मचारी सरुवा नियमित प्रशासनिक प्रक्रिया भएको र यसलाई प्रशासनले नै हेर्ने प्रतिक्रिया दिएका छन् ।

पत्रकारसँगको...

बमोजिम बिगो ६५ हजार रुपैयाँ कायम गरी कैद तथा जरिबाना सजाय मागदाबी गरेको छ । साथै, जन प्रतिबिम्ब दैनिकका प्रकाशक तथा प्रधानसम्पादक सञ्जयकुमार साहविरुद्ध मुख्य कसूरदारलाई सहयोग गर्ने मतियारको रूपमा सोही बिगो बराबरको सजाय मागदाबी लिइएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
विराटनगर, मोरङ

श्री भूमि सुधार तथा मालपोत कार्यालय, मोरङ
विराटनगरबाट तपसिलको मोहीको नाउँमा जारी गरिएकोहकदावी गर्न आउने वारेको ३० दिने सार्वजनिक सूचना

शिवालालको नाती लगनु थारुको छोरा जिल्ला मोरङ मोतिपुर गा.वि.स. वडा नं. ६ हाल परिवर्तित ग्रामथान गा.पा. वडा नं. ४ बस्ने बद्री नारायण माझीले आफ्ना नाममा दर्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको किसानको महलमा मोही देवीलाल विश्वास थारु प. मोतिपुर वडा नं. ८ उल्लेख भएको र मेरा जग्गाधनी प्रमाण पुर्जाको मोही महलमा मोहीको नाम उल्लेख नभएकोमा साविक जग्गाधनी रामजी साहु तेलीबाट म फिरादीका बुबा लगनु थारुले राजिनामा पास गरी लिए पश्चात अटुट रुपमा जग्गा जोतभोग गरी आएको । मोही तथा निजका हकदार कसैले पनि जोतभोग नगरेको हालसम्म जग्गाधनीकै तर्फबाट जग्गा जोतभोग गरी बाली लगाई आएको हुँदा जोतखन नगर्ने मोही महलमा उल्लेखित व्यक्तिको नाम भूमि सम्बन्धि ऐन २०३१ को दफा २६ को उपदफा १ (ग) बमोजिम मोही लगतकट्टा गरी पाँउ भनि मिति २०८२/०३/२२ मा फिराद दावी लिनु भएको हुँदा सम्बन्धित मोहीको हकदावीका लागि मिति २०८२/०७/२४ को आदेश बमोजिम विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो ३० दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचनाको म्यादभित्र उपस्थित हुन नआई म्याद गुजारी बसेमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ ।

तपशिल

सि.नं.	ज.ध.को नाम थर	गा.वि.स.	वडा नं.	कि.नं.	ज.वि.	मोहीको नाम ठेगाना
१	बद्री नारायण माझी थारु	मोतिपुर	८/०३९०	१३७	०११५८० व.मि.	जिल्ला मोरङ साविक मोतिपुर वडा नं. ८ भै हाल ग्रामथान गा.पा. वडा नं. ४ वतन भएको देवीलाल विश्वास

Dharan Sub Metropolitan City
Office of Municipal Executive

Invitation for Quotation

Date of publication:-2082-09-10

1. Dharan Sub Metropolitan City invites Quotation from Nepalese eligible bidders for the Shopping complex building(ward office building) maintainence work, Dharan-3. The Estimated cost of the works is NRS 8,52,914.81(Excluding VAT).
2. The Last Date for Quotation submission is 2082-9-17 till 12:00 pm and opening date of bid is 2082-9-17, 12:30PM
3. Eligible bidders are requested to contact procurement section of Dharan Sub Met ropolitan City for BOQ and further information.

हाडजोर्नी तथा नशा रोगका लागि विशेष उपचार

जाँच तथा उपचार हुने रोगहरुः

- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने,
- नसा च्यापिएको, हड्डी खिइएको ।
- बाथ रोग, युरिक एसिड बढेको ।
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको ।
- प्यारालाइसिस, मुख बाङ्गिएको ।

नोटः आवत जावत गर्न नसक्ने विरामीलाई वेड भर्नाको पनि व्यवस्था छ ।

SPARK 5 HOSPITAL PVT. LTD. DHARAN ESTD. 2072
स्पार्क फाईभ अस्पताल
धरान-१, लक्ष्मी सडक (नेपाल टेलिकमको ठीक अगाडी)
फोनः ०२५-५७२२३५, ९८६०८६७०१६

आवश्यकता

यस पूर्वक्षितिज प्रकाशन प्रा.लि. (ब्लाष्ट टाइम्स दैनिक) धरानको लागि पत्रिका वितरण गर्ने केही वितरकहरुको आवश्यकता भएको हुँदा कामप्रति इमान्दार, मेहनती, लगनशिल र आफ्नै साइकल भएका इच्छुक व्यक्तीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तलबः कम्पनीको नियमानुसार हुनेछ ।

सम्पर्कः
फोन नं. ०२५-५३८४१४ मो.नं. ९८५१११२०२९८

हार्दिक मङ्गलमय शुभकामना

क्रिसमस तथा नयाँ वर्ष २०२६ को शुभ-अवसरमा समस्त जिल्लावासी दाजुभाई तथा दिदीबहिनीहरुमा प्रभु येशु खीष्टको निगाह, शान्ति र अटल प्रेम सदैव रहि रहोस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रवन्ध निर्देशक
सन्तोष राई

श्री सारा सृष्टि निर्माण सेवा प्रा.लि.
केन्द्रिय कार्यालय, धनकुटा-४ सल्लेरी
सम्पर्क : ५८५२०५००१७
भरपर्दो निर्माणको लागि सधैं हामीलाई सम्झनु होस् ।

पञ्चासे आयुर्वेद फर्मा

धरान-१०, पुतलीलाईन (विजयपुर हस्पिटल अगाडी)

यहाँ क्षारसुत्र विधिद्वारा पायल्स दिशा घरमा मासु पलाएको, रगत जाने फिसर- दुख्ने पोल्ने चिलाउने, फिस्टुला- पिप जाने पानी बग्ने कब्जियत ग्याष्ट्रिक, बाथ, युरिक एसिड, हाडजोर्नी खिइएको, नशा च्यापिएको, जण्डिस, पिनास, प्रोस्टेट, दम खोकी, सुगर, प्रेसर, महिनावारी गडबढी,पुरुष सम्बन्धी समस्या आदि रोगको सफल उपचार गरिन्छ ।

यहाँ दैनिक बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म बिरामी चेकजाँच गरिन्छ ।

फोन नं. ०२५-५७८१४४ मो. ९८४३५७०२३५

होटल पूर्वाञ्चल सेकुवा एण्ड खाना
इटहरी, सुनसरी

यहाँ अर्डर अनुसार कुखुरा, माछा, हाँस तथा मटनको परिकारहरु उचित मूल्यमा पाइन्छ । साथै खाना, खाजानास्ताको स्वादीष्ट परिकारहरुका साथ हामी हजुरहरुको सेवामा हाजिर छौं ।

सेवा गर्ने मौका अवश्य दिनुहोला ।

सम्पर्कः ९८२४३८५४७४
आर्मी क्याम्पबाट उत्तर तुलसा टोलको अपोजिट
धरान रोड हाईवेमा इटहरी-४, सुनसरी

नशा, जोर्नीको रोग र गुप्त रोगले निराश किन ?

नशा सुकेको, चेपिएको, खुम्चेको कट-कट खाने, दुख्ने, झमझमाउने, निदाउने, हड्डी खिएको, घुडा दुख्ने, ढाड दुख्ने विभिन्न अस्पतालहरूमा उपचार गराएर निको नभएको रोग र गुप्त रोग, नपुंसकता, लिंग लामो/ मोटो बनाउने, शीघ्रस्खलन र महिलाहरूको महिनावारी गडबडी, सेतोपानी जाने (लिकोरिया), पिसाब रोकी रोकी हुने, पिसाब पोल्ने आदि रोगको जर्मनीको औषधिले ग्यारेन्टीका साथ उपचार गरिन्छ ।

जनकपुर र विराटनगरको सफलतापछि अब धरानमा

जय शम्भु आरोग्य केन्द्र
धरान-११, दुर्गा चोक
भारत र नेपालका प्रसिद्ध डा. ए.के. ठाकुर

खुल्ने समयः दिउँसो १२:०० बजेदेखि बेलुका ४:०० बजेसम्म

फोन नं.: ९८११३१०५७४, ९८०४३८७४४१

होम सर्भिसको पनि सुविधा छ ।

पूर्व क्षितिज प्रकाशन प्रालिद्वारा प्रकाशित अध्यक्षः दिलिप घिमिरे, प्रबन्ध निर्देशक/सम्पादकः किशोरकुमार कार्की, प्रधान सम्पादकः राजकुमार कार्की, प्रमुख सञ्चालन अधिकृतः दिपेन्द्र कार्की, कार्यकारी सम्पादकः भोजराज श्रेष्ठ, मुद्रण प्रमुखः प्रवीनकुमार कार्की, ब्लाष्ट छापाखाना
प्रधान कार्यालयः ०२५-५७५४५८, ५३८४३५, विज्ञापन ०२५-५३८४१४, फ्याक्स ०२५-५७८४५८, इटहरीः ५८१४४५, बिराटनगरः ०२१-५९००९०, धनकुटाः ०२६-५२३७९४ इमेलः blastdesk@gmail.com, advtblast@gmail.com वेबसाइटः www.blastkhabar.com